कर्मचारी सञ्चय कोष
कर्जा तथा लगानी नीति, २०८०

प्रस्तावना

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९ बमोजिम सञ्चय कोषमा जम्मा भएको रकम सुरक्षित, दक्षतापूर्ण एवम् प्रभावकारी रूपमा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्नको निमित्त सञ्चालक समितिले देहायको कर्मचारी सञ्चय कोष, कर्जा तथा लगानी नीति स्वीकृत गरेको छ :

परिच्छेद - १
परिचय

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो नीतिको नाम "कर्मचारी सञ्चय कोष, कर्जा तथा लगानी नीति, २०८०" रहेको छ ।

(२) यो नीति सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा :

(१) "एकल कर्जा" भन्नाले ऐनको दफा १९ (त) बमोजिम ऋणीलाई कोष एक्लैले प्रवाह गरेको कर्जालाई सम्झनुपर्छ ।

(२) "ऐन" भन्नाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) लाई सम्झनुपर्छ ।

(३) "ऋणपत्रमा लगानी" भन्नाले ऐनको दफा १९ (क) को व्यवस्था अनुरूप नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट जारी हुने बचंतपत्र, ऋणपत्र, ट्रेजरी बिल लगायतका सुरक्षण पत्रमा गरिएको लगानी सम्झनुपर्छ । सो शव्दले नेपाल सरकारको स्वीकृतिमा स्वदेशी वा विदेशी संस्थाले जारी गरेको ऋणपत्रमा गरिएको लगानीलाई समेत जनाउनेछ ।

(४) "ऋणी" भन्नाले ऐनको दफा १९ को (घ), (च), (ण), (त) र (न) अन्तर्गत कोषले प्रवाह गरेको कर्जा लिएका व्यक्ति, फर्म, कम्पनी, संस्था वा सञ्चयकर्ता समेतलाई सम्झनुपर्छ । सो शब्दले जमानत दिने व्यक्ति वा संस्था वा सञ्चयकर्ता समेतलाई जनाउनेछ ।

(५) "कर्जा" भन्नाले ऐनको दफा १९ को (घ), (च), (ण), (त) र (न) बमोजिम ऋणीलाई कोषबाट ऋण सम्झौताको आधारमा प्रवाह भएको कर्जा वा सापटी सम्झनुपर्छ ।

(६) "कम्पनी" भन्नाले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालित कम्पनीलाई सम्झनुपर्छ । सो शब्दले अन्य प्रचलित ऐन अन्तर्गत स्थापना भएको नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था समेतलाई जनाउनेछ ।

(७) "कोष" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोष सम्झनुपर्छ ।

(८) "गैर बैंकिङ्ग वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सम्बन्धित नियामक निकायबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

प्रतिलिपि

सचिव
संचालक समिति

सो शब्दले प्रचलित कानूनबमोजिम स्थापना भएका पुँजी बजारसँग सम्बन्धित कम्पनी, बीमा कम्पनी र पुनर्बीमा कम्पनी लगायतलाई जनाउनेछ ।

(९) "जमानत कर्जा" भन्नाले नेपाल सरकार वा बैंक वा वित्तीय संस्थाको जमानतमा कोषले तोकेको शर्त र अवस्थाको अधीनमा रही कम्पनी वा संस्थालाई ऐनको दफा १९ को (घ) वा (ण) अन्तर्गत प्रवाह हुने कर्जा सम्झनुपर्छ ।

(१०) "डिबेन्चरमा लगानी"भन्नाले ऐनको दफा १९ (छ) बमोजिम प्रचलित कानून बमोजिम सार्वजनिक रूपमा जारी भएका डिबेन्चर सम्झनुपर्छ ।

(११) "धितो" भन्नाले कोषबाट प्रवाह भएको कर्जाको सुरक्षण बापत कोषको नाममा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पारित भई रोक्का रहेको चल/अचल सम्पत्ति सम्झनुपर्छ । सो शब्दले व्यक्तिगत तथा संस्थागत जमानत समेतलाई जनाउनेछ ।

(१२) "प्रशासक" भन्नाले ऐनको दफा ६क. वमोजिम नियुक्त कोषको प्रशासक सम्झनुपर्छ । सो शब्दले कोषको दैनिक कार्य सन्चालन गर्ने जिम्मेवारी पाएको निमित्त वा कार्यवाहक प्रशासकलाई समेत जनाउनेछ ।

(१३) "बैंक" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग तथा वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त "क" वर्गको बाणिज्य बैंक तथा पूर्वाधार विकास बैंक सम्झनुपर्छ ।

(१४) "बैंक वा वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सम्बन्धित नियामक निकायबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय संस्था वा गैर बैंकिङ्ग वित्तीय संस्था सम्झनुपर्छ ।

(१५) "मुद्दती निक्षेप र डिमाण्ड डिपोजिटमा लगानी" भन्नाले ऐनको दफा १९ को (ख) र (ग) को व्यवस्था अनुरूप प्रचलित कानून बमोजिम स्थापित बैंक वा वित्तीय संस्थाको नगद प्रमाणपत्र (Cash Certificate) मुद्दती निक्षेपमा गरिएको लगानीलाई सम्झनुपर्छ ।

(१६) "लगानी" भन्नाले ऐनको दफा १९ को (क), (ख), (ग), (ङ), (छ), (ज), (झ), (ट), (ठ), (ड), (ढ) र (थ) बमोजिम अन्य प्रचलित कानूनको अधिनमा रही कोषबाट भएको लगानी सम्झनुपर्छ ।

(१७) "लगानी प्रवर्द्धन समिति" भन्नाले ऐनको दफा १९ख. बमोजिम गठित कोषको लगानी प्रवर्द्धन समिति सम्झनुपर्छ ।

(१८) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग तथा वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त "ख" वर्गको विकास बैंक तथा "ग" वर्गको वित्त कम्पनी सम्झनुपर्छ ।

(१९) "विभाग" भन्नाले कोषको कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने विषयगत जिम्मेवारी पाएको विभागलाई सम्झनुपर्छ ।

(२०) "शेयरमा लगानी" भन्नाले ऐनको दफा १९ को (ङ), (ज), (झ), (ठ), (ड) र (थ) बमोजिम प्रचलित कानून बमोजिम कम्पनीले जारी गरेको संस्थापक शेयर वा साधारण शेयर वा अग्राधिकार शेयरमा गरिने लगानी सम्झनुपर्छ ।

प्रतिलिपि

सचिव
संचालक समिति

(२१) "स्थिर सम्पत्तिमा लगानी" भन्नाले कोष आफैंले वा कोषको पूर्ण स्वामित्वमा स्थापित कम्पनी मार्फत बहालमा लगाई वा बिक्री गरी आय आर्जन गर्ने उद्देश्यले जग्गा, भवन, गोदाम वा यस्तै प्रकारका अन्य स्थायी संरचना वा त्यस्तो संरचनामा जडान गरिएका मेशिनरीहरूमा गरिएको लगानी तथा आवास परियोजनामा गरिएको लगानी समेतलाई सम्झनुपर्छ ।

(२२) "सकार" भन्नाले कर्जा असुलीको सिलसिलामा कोषको कर्जाको सुरक्षणको लागि धितोमा रहेको चल/अचल सम्पत्ति कोषको नाममा नामसारी गरी स्वामित्व ग्रहण गर्ने कार्यलाई सम्झनुपर्छ ।

(२३) "सञ्चयकर्ता" भन्नाले ऐनको दफा २ (ख) बमोजिम कोषमा रकम जम्मा गर्ने कर्मचारी सम्झनुपर्छ ।

(२४) "सञ्चयकर्ता कर्जा" भन्नाले ऐनको दफा १९ (न) बमोजिम घर जग्गा लगायतको स्थिर सम्पत्तिको धितोमा सञ्चयकर्तालाई प्रवाह भएको घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा, जग्गा खरिद सापटी लगायतका कर्जा तथा सापटीलाई सम्झनुपर्छ ।

(२५) "सञ्चयकर्ता सापटी" भन्नाले ऐनको दफा १९ (न) बमोजिम सञ्चय कोष कट्टी रकमको धितोमा सञ्चयकर्तालाई प्रवाह भएको सापटीलाई सम्झनुपर्छ ।

(२६) "सञ्चालक समिति" भन्नाले ऐनको दफा ४ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनुपर्छ ।

(२७) "संस्थागत कर्जा" भन्नाले ऐनको दफा १९ को (घ), (च), (ण) र (त) बमोजिम ऋणीलाई कोषबाट ऋण सम्झौताको आधारमा प्रवाह भएको अल्पकालीन वा दीर्घकालीन वा चालु पुँजी प्रकृतिका एकल, जमानत र सहवित्तीयकरण कर्जालाई सम्झनुपर्छ ।

(२८) "सहवित्तीयकरण कर्जा" भन्नाले ऐनको दफा १९ (च) को व्यवस्था अनुरूप ऋणीलाई बैंक वा वित्तीय संस्थासँग मिलेर धितो विभाजन (पारिपासु) को आधारमा जोखिम तथा धितो विभाजन हुने गरी प्रवाह भएको कर्जालाई सम्झनुपर्छ । सो शब्दले कोषले अन्य संस्थागत लगानीकर्तासँग मिली अलग अलग धितो लिई वा एउटै धितो धितो विभाजन (परिपासु) गरी प्रवाह गरेको कर्जालाई समेत सम्झनुपर्छ ।

(२९) "सामूहिक लगानी कोषमा लगानी" भन्नाले ऐनको दफा १९ को (झ) र (ञ) बमोजिम जारी भएका सामूहिक लगानी कोषको इकाईहरूमा भएको लगानी सम्झनुपर्छ ।

प्रतिलिपि

परिच्छेद २

मार्गदर्शक सिद्धान्त, उद्देश्य, रणनीति र प्राथमिकता

३. मार्गदर्शक सिद्धान्त

कोषको कर्जा तथा लगानी सञ्चय कोष रकम सुरक्षित र न्यून जोखिमयुक्त हुने, सञ्चयकर्ताको अवकाश पश्चात्को आर्थिक सुरक्षा सुनिश्चित हुने, सञ्चयकर्तालाई उपयुक्त प्रतिफल र सामाजिक सुरक्षा सुनिश्चित हुने, लगानी विविधीकरणको माध्यमबाट जोखिम न्यूनीकरण हुने,

सचिव
संचालक समिति

राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान हुने, पुँजी बजारको प्रवर्द्धनमा सहयोग पुग्ने तथा वित्तीय क्षेत्रको स्थिरता कायम गर्न सहयोग पुऱ्याउने सिद्धान्तबाट निर्देशित हुनेछ र सोका लागी देहायका मार्गदर्शन अवलम्बन गरिनेछ ।

(१) नेपालको संविधान, प्रचलित ऐन तथा नियमहरू, नेपाल सरकारबाट जारी नीति तथा प्राथमिकताहरू,

(२) कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा अवकास कोषको लगानी परिचालन सम्बन्धी व्यवस्थाहरू,

(३) अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेको "सामाजिक सुरक्षा संस्थाको लगानी व्यवस्थापन सम्बन्धी मार्गदर्शन" लगायत लगानी व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरू ।

४. उद्देश्य

कोषको दीर्घकालीन वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापूर्ण लगानीको माध्यमबाट उपयुक्त लगानी संरचना निर्माण गरी लगानी व्यवस्थापन गर्ने तथा असुलीको प्रभावकारिता अभिबृद्धि गरी सञ्चयकर्ताको बृहत्तर हितलाई ध्यानमा राखी उच्च एवं न्यायोचित प्रतिफल र सामाजिक सुरक्षा उपलब्ध गराउने यो नीतिको मूलभूत उद्देश्य हुनेछ र नीतिका अन्य उद्देश्यहरू देहायबमोजिम हुनेछन् :

(१) उपयुक्त लगानी संरचनाको पहिचान गरी कर्जा तथा लगानीमा अन्तर्निहित जोखिम तथा प्रतिफलको मूल्याङ्कनको आधारमा उच्चतम प्रतिफल प्राप्त गर्ने,

(२) दीर्घकालीन प्रकृतिको लगानी योग्य वित्तीय स्रोतलाई उत्पादनमूलक एवम् पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान गर्ने,

(३) मुलुकको पुँजी बजार र वित्तीय बजारमा स्थिरता कायम गर्न सहयोग पुग्ने गरी प्रभावकारी रूपमा ट्रेजरी तथा लगानी व्यवस्थापन गर्ने ।

५. रणनीति

यस नीतिको मार्गदर्शक सिद्धान्त र उद्देश्य पूरा गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछ :

(१) नेपाल सरकारले अवलम्बन गरेको लगानी सम्बन्धी नीति, आवधिक योजना तथा कार्यक्रमले निर्धारण गरेको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी नेपाल सरकारले जारी गरेको उपयुक्त वित्तीय उपकरणहरूमा लगानी गरिनेछ ।

(२) सुरक्षा, प्रतिफल एवम् दिगोपना सुनिश्चित हुने गरी कोषको वित्तीय स्रोतलाई उत्पादनशील एवम् पूर्वाधार विकासका क्षेत्रमा उपयोग गरिनेछ ।

(३) वैंक तथा वित्तीय संस्थाको व्यवसायिक दक्षता र अनुभवको उपयोग गर्दै उपयुक्त देखिएका परियोजनामा सहवित्तीयकरणको माध्यमबाट लगानी गरिनेछ ।

(४) देशको पुँजी वजार एवम् वित्तीय बजारमा स्थिरता कायम गर्न तथा सो क्षेत्रको विकासमा सहयोग पुग्ने गरी पुँजी वजार तथा मुद्रा बजारका विभिन्न उपकरणहरूको खरिद विक्री गरिनेछ ।

(५) प्रभावकारी रूपमा लगानी व्यवस्थापन गर्न सक्ने गरी कोषको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

प्रतिलिपि
सचिव
संचालक समिति

(६) सञ्चयकर्ताको अवकाश पछिको आर्थिक सुरक्षालाई प्राथमिकतामा राखी सञ्चयकर्ताका सेवाकालीन आर्थिक आवश्यकतालाई सम्बोधन गर्दै सामाजिक सुरक्षाको प्रवर्द्धन हुने गरी विभिन्न प्रकारका सापटी प्रदान गरिनेछ ।

(७) कोषले सञ्चयकर्तालाई प्रदान गर्ने सापटीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहित गरी सापटीलाई उद्देश्यमूलक बनाउने तथा त्यस्तो सापटीको असुलीलाई प्रभावकारी बनाई अवकाश पश्चात् भुक्तानी हुने सञ्चय कोष रकममा क्षय हुन नदिई सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गरिनेछ ।

(८) कर्जा प्रवाह भएका परियोजनाहरूको नियमित अनुगमन गरी कर्जा सम्झौताका शर्तहरूको अनुपालन गराउने तथा खराब एवम् अवलेखन गरिएका कर्जाको धितो रहेको सम्पत्तिको लिलाम बिक्री वा सकार गरी वा अन्य उपयुक्त उपाय अवलम्बन गरी उच्च प्राथमिकताका साथ असुल उपर गरिनेछ ।

६. प्राथमिकता

(१) कोषमा उपलब्ध वित्तीय स्रोतको परिचालन गर्दा लगानीका लागि उपलब्ध अवसरहरू एवम् लगानीको प्रतिफल, सुरक्षा, जोखिम र लगानीको संरचना समेतलाई दृष्टिगत गरी प्राथमिकताका आधारमा मूलत: देहायका क्षेत्रमा लगानी गरिनेछ र यस्ता प्राथमिकता कोषको लगानी सम्बन्धी निर्णयको लागि सामान्य मार्गदर्शन (General Guideline) को रूपमा रहनेछन् :

(क) सञ्चयकर्ताको हित प्रवर्द्धन हुने तथा सम्पत्ति अभिवृद्धि हुने प्रकृतिका सञ्चयकर्ता सापटी,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वीकृतिमा प्रचलित कानून बमोजिम स्वदेशी वा विदेशी संस्थाले जारी गरेका ऋणपत्र,

(ग) नेपाल सरकारको जमानतमा नेपाल सरकारको स्वामित्वका संगठित संस्थाबाट प्रवर्द्धित परियोजनाहरू,

(घ) नेपाल सरकार वा बैंकको जमानतमा गरिने लगानीहरू,

(ङ) "क" वर्गको बैंकमा जम्मा गरिने मुद्दती निक्षेप,

(च) कोष आफैंले वा कोषबाट प्रवर्द्धित कम्पनीले सञ्चालन गर्ने आवास परियोजनाहरू,

(छ) कर्जाको किस्ता भुक्तानीको लागि आवश्यक नगद प्रवाह र प्रतिफल सुनिश्चित भएका नेपाल सरकार वा नेपाल सरकारको अधिकांश स्वामित्व रहेका संस्थाहरूले प्रवर्द्धन गरेका परियोजनाहरू,

(ज) अन्य बैंक तथा वित्तीय संस्थासँग मिली सहवित्तीयकरणको आधारमा कर्जा प्रवाह हुने परियोजनाहरू,

(झ) निजी क्षेत्रका कम्पनीहरूबाट प्रवर्द्धित परियोजनाहरू,

(ञ) प्रचलित कानुन बमोजिम स्थापित कम्पनीले जारी गरेका डिबेन्चर,

(ट) प्रतिफल र सुरक्षाको दृष्टिकोणबाट लगानीका लागि उपयुक्त देखिएका प्रचलित कानून बमोजिम स्थापित कम्पनीको शेयर,

प्रतिलिपि

सचिव
संचालक समिति

(ठ) कोष आफैंले प्रवर्द्धन गर्ने सहायक कम्पनीको शेयर,

(ड) नयाँ स्थापना हुने कम्पनीको संस्थापक शेयर,

(ढ) ऐनको दफा १९ बमोजिमका अन्य क्षेत्र ।

(२) लगानीको लागि उपयुक्त अवसर प्राप्त भएमा उल्लिखित प्राथमिकतामा पछिल्लो क्रममा रहेको कुनै क्षेत्रमा लगानी गर्न सकिनेछ ।

परिच्छेद - ३

कर्जा तथा लगानीको क्षेत्र, सीमा र संरचना

७. **कर्जा तथा लगानीको क्षेत्र:**

ऐनको दफा १९ को अधिनमा रही कोषले प्रवाह गर्ने कर्जा तथा लगानीका क्षेत्रहरू देहायअनुरूप हुनेछन् :

(१) **सञ्चयकर्ता कर्जा तथा सापटी:**

(क) सञ्चयकर्ता सापटी,

(ख) सञ्चयकर्ता कर्जा,

(२) **संस्थागत कर्जा**

(क) एकल कर्जा,

(ख) सह-वित्तीयकरण कर्जा,

(३) **धितोपत्रमा लगानी**

(क) ऋणपत्रमा लगानी,

(ख) शेयरमा लगानी,

(ग) बैंक वा वित्तीय संस्था र कम्पनीले जारी गरेको डिबेन्चरमा लगानी,

(घ) सामूहिक लगानी कोषका इकाईहरू (Mutual Fund Units) मा लगानी ।

(४) **मुद्दती निक्षेप तथा डिमाण्ड डिपोजिटमा लगानी**

(५) **स्थिर सम्पत्तिमा लगानी**

(क) व्यावसायिक जग्गा तथा भवन,

(ख) आवास परियोजना ।

८. **कर्जा तथा लगानीको क्षेत्रगत सीमा र लगानी व्यवस्थापन**

(१) कोषले जोखिमको स्तरको आधारमा जोखिमको वर्गीकरण गरी कर्जा तथा लगानीको क्षेत्र तथा सीमा देहाय अनुसार गर्ने नीति लिएको छ :

वर्ग	जोखिमको स्तर	कर्जा तथा लगानीका क्षेत्रहरू	कर्जा तथा लगानीको सीमा
"क" वर्ग	न्यून जोखिम	(१) सरकारी सुरक्षण पत्र वा मुद्दती निक्षेपमा लगानी, (२) सञ्चयकर्तालाई प्रदान गरिने विशेष सापटी, (३) नेपाल सरकार वा "क" वर्गको वाणिज्य बैंकको जमानतमा प्रवाह हुने संस्थागत कर्जा, (४) स्थिर सम्पत्तिमा लगानी,	न्युनतम ५० प्रतिशत

प्रतिलिपि

सचिव

संचालक समिति

वर्ग	जोखिमको स्तर	कर्जा तथा लगानीका क्षेत्रहरू	कर्जा तथा लगानीको सीमा
		(५) बैंक वा वित्तीय संस्थाले जारी गरेको डिबेन्चरमा लगानी ।	
"ख" वर्ग	मध्यम जोखिम	(१) नेपाल सरकारको स्वीकृतिमा बैंक वा वित्तीय संस्था बाहेकका कुनै स्वदेशी वा विदेशी निकायले जारी गरेको ऋणपत्रमा लगानी, (२) नेपाल सरकार वा "क" वर्गको वाणिज्य बैंकको जमानत बाहेकका संस्थागत कर्जा, (३) घर जग्गाको धितोमा सञ्चयकर्तालाई प्रदान गरिने कर्जा, (४) नयाँ स्थापना भएको वा सूचिकृत नभएको कम्पनीको शेयरमा लगानी, (५) कितावी मूल्य भन्दा बजार मूल्य बढी रहेको कम्पनीको शेयरमा लगानी, (६) बैंक वा वित्तीय संस्था बाहेकका कम्पनीले जारी गरेको डिबेन्चरमा लगानी । (७) सामूहिक लगानी कोषको इकाईमा भएको लगानी ।	अधिकतम ४५ प्रतिशत
"ग" वर्ग	उच्च जोखिम	(१) नेपाल सरकार वा "क" वर्गको वाणिज्य बैंकको जमानत बाहेकका किस्ता नियमित नभएको संस्थागत कर्जा, (२) विगत ५ वर्ष देखि लाभांश वितरण नगरेको तथा कितावी मूल्य भन्दा बजार मूल्य कम रहेको कम्पनीमा शेयर लगानी । (३) अङ्कित मूल्य भन्दा बजार मूल्य कम रहेको सामूहिक लगानी कोषको इकाईमा भएको लगानी । (४) जोखिम विश्लेषणको आधारमा कोषले उच्च जोखिम मूल्याङ्कन गरेको कर्जा तथा लगानी ।	अधिकतम ५ प्रतिशत

(२) कर्जा तथा लगानीको प्राथमिकता र क्षेत्रगत सीमा कायम हुने गरी लगानीका लागि प्राप्त अवसर, वित्तीय बजारको अवस्था, कोषको नगद प्रवाहको अवस्थाको विश्लेषण गरी लगानी संरचना निरूपण गरिनेछ । उच्च जोखिमका क्षेत्रहरूमा नयाँ लगानी गरिने छैन ।

(३) यस नीतिमा व्यवस्था भएका कर्जा तथा लगानीका क्षेत्रगत सीमाका सम्बन्धमा विश्लेषण गरी त्रैमासिक प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरिनेछ ।

प्रतिलिपि

सचिव
संचालक समिति

९. **निवृत्तिभरण कोषको लगानी**

(१) निवृत्तिभरण कोष ऐन, २०७५ बमोजिम जम्मा भएको रकम सोही ऐनको दफा १८ को अधिनमा रही यसै नीति बमोजिम परिचालन गरिनेछ । प्रकरण ८ मा उल्लेख भएको लगानीको क्षेत्रगत सीमाको अधीनमा रही निवृत्तिभरण कोषको रकम परिचालन गरिनेछ ।

(२) निवृत्तिभरण कोषको लगानी र सोको आम्दानीको हिसाब तथा अभिलेख अलग्गै राखिनेछ ।

परिच्छेद - ४
कर्जा सम्वन्धी व्यवस्था

१०. **सञ्चयकर्ता कर्जा तथा सापटी**

(१) ऐनको दफा १९ को (न) को व्यवस्था बमोजिम सञ्चयकर्ताको सेवाकालको आर्थिक आवश्यकता पूरा गर्न निजको सञ्चय कोष खातामा जम्मा भएको रकमको जमानतमा वा घर जग्गाको धितोमा विभिन्न प्रकारका कर्जा तथा सापटी उपलब्ध गराउन सकिनेछ ।

(२) सञ्चयकर्तालाई उपलब्ध गराउने कर्जा तथा सापटी कार्यक्रमहरूलाई कोषको वित्तीय स्रोत, लगानी संरचना तथा वित्तीय बजार समेतको विश्लेषणको आधारमा समसामयिक सुधार तथा परिमार्जन गर्न सकिनेछ ।

(३) सञ्चयकर्तालाई कर्जा तथा सापटी प्रदान गर्दा अवकाश पश्चात फिर्ता हुने सञ्चय कोष मौज्दातमा यथासक्य क्षय नहुने गरी सापटी असुलीको उपयुक्त व्यवस्था गरिनेछ ।

११. **संस्थागत कर्जा**

(१) ऐनको दफा १९ को व्यवस्था बमोजिम कोष एक्लै वा अन्य बैंक तथा वित्तीय संस्थाहरू वा अन्य संस्थागत लगानीकर्ताहरूसँग मिली कम्पनीले सञ्चालन गरेको परियोजनामा अलग अलग धितो लिई वा एउटै धितो धितो विभाजन (परिपासु) गरी वा जमानत लिई कर्जा प्रवाह गर्न सकिनेछ ।

(२) खण्ड (१) बमोजिमको कम्पनीले सञ्चालन गरेका देहायका क्षेत्रका उच्च प्रतिफलयुक्त परियोजना वा व्यवसायमा कोषबाट संस्थागत कर्जा प्रवाह गर्न सकिनेछ :

(क) ऊर्जा क्षेत्र :
जलविद्युत उत्पादन, विद्युत प्रसारण लाइन, सौर्य तथा अन्य नवीकरणीय ऊर्जा र वायो ग्याँस उत्पादन गर्ने आयोजना ।

(ख) खानी जन्य क्षेत्र :
क्लिङ्कर, सिमेन्ट, ग्यास, ईन्धन, फलाम लगायतका खानी जन्य उद्योग ।

(ग) पर्यटन क्षेत्र :
हवाई सेवा, होटल, रिसोर्ट, केबुलकार, जलविहार, प्रदर्शनीस्थल, फनपार्क लगायत पर्यटन क्षेत्रको विकाससँग सम्बन्धित आयोजना ।

(घ) पूर्वाधार क्षेत्र :
टोल हाईवे, रोपवे, मोनोरेल, सब-वे, विशेष आर्थिक क्षेत्र, विमानस्थल निर्माण सम्बन्धी आयोजना ।

प्रतिलिपि

सचिव
संचालक समिति

(ङ) कृषि क्षेत्र :
फलफूल, खाद्यान्न तथा जडिबुटी उत्पादन एवम् प्रशोधन उद्योग, शीत भण्डार, फलफूल तथा तरकारीको थोक बजार, माछा मासु उत्पादन तथा प्रशोधन उद्योग, धुलो दूध तथा दुग्ध उत्पादन उद्योग ।

(च) उत्पादनमूलक क्षेत्र :
स्वदेशी एवम् विदेशी कच्चा पदार्थको उपयोग गरी वस्तुको उत्पादन गर्ने उद्योग ।

(छ) सूचना तथा प्रविधि क्षेत्र :
आईटी पार्क, आईसिटी उद्योग र दूरसंचार सम्वन्धी उद्योग व्यवसाय ।

(ज) शिक्षा तथा स्वास्थ्य क्षेत्र :
शिक्षण संस्था, औषधि उत्पादन, अस्पताल, मेडिकल कलेज, नर्सिङ्ग होम वा यस्तै प्रकारका स्वास्थ्य तथा शिक्षा सम्वन्धि संस्था आदिको स्थापना तथा सञ्चालन ।

(झ) वस्तुको आयात निर्यात एवम् खरिद बिक्री सम्वन्धी व्यावसाय ।

(ञ) जग्गा विकास तथा निर्माण क्षेत्र :
जग्गा विकास, व्यवसायिक तथा आवासीय भवन, अपार्टमेण्ट, पूर्वाधार विकास र निर्माण सम्वन्धी आयोजना ।

(ट) ऐनको दफा १९ मा उल्लेख भएका अन्य क्षेत्र ।

(३) देहायको धितो वा जमानतमा कम्पनीलाई संस्थागत कर्जा प्रदान गर्न सकिनेछ :

(क) कम्पनीको घरजग्गा वा परियोजना वा प्लाण्ट तथा मेसिनरीको धितो ।

(ख) कम्पनीका शेयरधनी वा निजको एकासगोल भित्रको घर जग्गाको धितो ।

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारले दिएको जमानत ।

(घ) प्रचलित कानून बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिएको बैंक जमानत ।

(४) खण्ड (३) मा उल्लिखित धितो वा जमानतको अतिरिक्त कम्पनीको सञ्चालक र पाँच प्रतिशत भन्दा बढी शेयर लगानी भएको शेयरधनीको जमानत लिन सकिनेछ ।

(५) कम्पनीलाई चालु पुँजी कर्जा, अक्सन फाईनान्सिङ, ब्रिजग्याप कर्जा, अल्पकालीन कर्जा र दीर्घकालीन कर्जा प्रदान गर्न सकिनेछ ।

परिच्छेद - ५
लगानी सम्बन्धी व्यवस्था

१२. ऋणपत्रमा लगानी

(१) ऐनको दफा १९ (क) को अधीनमा रही नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी वा स्वदेशी संस्थाको ऋणपत्र, राष्ट्रिय बचतपत्र, विकास ऋणपत्र तथा नेपाल राष्ट्र बैंकबाट जारी ऋणपत्रमा लगानी गर्न सकिनेछ ।

प्रतिलिपि

सचिव
संचालक समिति

(२) ऋणपत्रमा लगानी गर्दा मुलुकको वित्तीय बजार एवम् तरलताको अवस्था, प्रतिफल दर, कोषको नगद प्रवाहको अवस्था र अन्य क्षेत्रमा लगानीको अवसर समेतलाई दृष्टिगत गरी लगानी गर्नुपर्नेछ ।

(३) खण्ड (१) बमोजिम खरिद गरेको ऋणपत्र प्रचलित कानून बमोजिम दोश्रो बजार मार्फत विक्री गर्न सकिनेछ ।

१३. शेयरमा लगानी

(१) ऐनको दफा १९ बमोजिम देहाय बमोजिम शेयरमा लगानी गर्न सकिनेछ :

(क) ऐनको दफा १९ (ङ) बमोजिम बैंक वा वित्तीय संस्थाको शेयरमा लगानी गर्न सकिनेछ ।

(ख) ऐनको दफा १९ (ज) बमोजिम नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको निकाय द्वारा प्रवर्द्धित ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा स्थापना हुने कम्पनीको शेयरमा संस्थापकको हैसियतले लगानी गर्न वा त्यस्तो कम्पनीको शेयर खरिद गर्न सकिनेछ ।

(ग) सञ्चयकर्ताको सहभागितामा सामूहिक लगानी योजना (Mutual Fund) सञ्चालन गर्ने प्रयोजनको लागि ऐनको दफा १९ (झ) बमोजिम पुँजी बजार सम्बन्धी काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न वा अन्य संस्थासँग मिलेर नयाँ कम्पनी वा संस्थाको स्थापना गर्न सकिनेछ ।

(घ) ऐनको दफा १९ (ठ) बमोजिम कोषले आफै वा अरू संस्थासँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, ऊर्जा, अस्पताल, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सकिनेछ ।

(ङ) ऐनको दफा १९ (ड) बमोजिम कोषको स्वामित्वमा रहेका घर घडेरी बिक्री वितरण गर्ने वा आवास परियोजना सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(च) ऐनको दफा १९ (थ) बमोजिम कोषको ऋण बाँकी भएकोमा कुनै संस्थाको जायजेथा कोषलाई प्राप्त भएमा सो जायजेथाको सदुपयोग गर्न आफैले वा अरू संस्थासँग मिली सो संस्थाको सञ्चालन गर्ने वा नयाँ संस्था स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

(२) खरिद गरेका शेयरहरू वित्तीय बजारको अवस्था, कम्पनीको वित्तीय तथा कार्यसम्पादनको अवस्थाको साथै शेयर बजारको प्रवृत्ति विश्लेषण (Market Trend Analysis) को आधारमा प्रचलित कानून बमोजिम बिक्री गर्न सकिनेछ ।

(३) प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनीको शेयर प्राथमिक बजार, दोस्रो बजार वा लिलाम विक्रीको माध्यमबाट कोषले तोकिए बमोजिम खरिद विक्री गर्न सक्नेछ ।

प्रतिलिपि

सचिव
संचालक समिति

१४. **डिबेन्चरमा लगानी**

ऐनको दफा १९ (छ) बमोजिम प्रचलित कानून बमोजिम सार्वजनिक रूपमा जारी भएका डिबेन्चरमा लगानी गर्न सकिनेछ । डिबेन्चरको खरिद विक्री सम्वन्धी व्यवस्था र प्रक्रिया सम्बन्धित विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

१५. **सामूहिक लगानी योजनामा लगानी**

ऐनको दफा १९ (झ) बमोजिम प्रचलित कानून बमोजिम सञ्चालन भएका सामूहिक लगानी योजना र दफा १९ (ञ) बमोजिम कोषले सञ्चालन गरेको सामूहिक लगानी योजनामा देहायअनुरूप लगानी गर्न सकिनेछ :

(क) ऐनको दफा १९ (झ) बमोजिम स्थापना गरेको कम्पनीले जारी गरेका सामूहिक लगानी योजनाका इकाईहरू सो कम्पनीसँग भएको सम्झौता बमोजिम,

(ख) ऐनको दफा १९ (ञ) बमोजिम सञ्चालन गरेको सामूहिक लगानी योजनाले जारी गरेका इकाईहरू सो योजनासँग भएको सम्झौता बमोजिम,

(ग) कोषबाट खरिद भएका सामूहिक लगानी योजनाका इकाईहरू विक्री गर्न सकिने ।

१६. **मुद्दती निक्षेप र डिमाण्ड डिपोजिटमा लगानी**

ऐनको दफा १९ (ख) र (ग) को व्यवस्था बमोजिम बैंक वा वित्तीय संस्थाको मुद्दती निक्षेप र डिमाण्ड डिपोजिटमा लगानी गर्न सकिनेछ ।

१७. **स्थिर सम्पत्तिमा लगानी**

कोषले ऐनको दफा १९ बमोजिम भवनहरूको निर्माण तथा सञ्चयकर्ताको लागि जग्गा विकास र आवास परियोजनाको सञ्चालन जस्ता स्थिर सम्पत्तिमा देहायअनुरूप लगानी गर्न सकिनेछ :

(१) ऐनको दफा १९ (ट) बमोजिम कोष एक्लैले वा अन्य संस्थाहरूसँग मिलेर आवास परियोजना सञ्चालन गरी घर घडेरी सोझै वा किस्तावन्दीमा सञ्चयकर्तालाई विक्री वितरण गर्न वा बहालमा दिन सकिनेछ ।

(२) ऐनको दफा १९ (ड) बमोजिम कोषले आफ्नो स्वामित्वमा रहेका घर घडेरी विक्री बितरण गर्न सक्नेछ । साथै, आवास परियोजना सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना गर्न सकिनेछ ।

(३) ऐनको दफा १९ (ढ) बमोजिम कोषको स्वामित्वमा रहेका जग्गामा भवनहरू निर्माण गरी बहालमा दिन सकिनेछ ।

परिच्छेद - ६

कर्जा प्रवाह वा लगानी नहुने क्षेत्र

१८. कोषले देहायका क्षेत्रमा उद्योग वा व्यवसाय गर्ने गरी स्थापना भएका कम्पनी वा संस्थामा कर्जा प्रवाह वा लगानी गर्ने छैन :

(१) मदिराजन्य र सूर्तिजन्य उद्योग वा व्यवसाय,

(२) क्यासिनो तथा जुवा खेलाउने उद्योग वा व्यवसाय,

(३) राजनीतिक दलले सञ्चालन गरेको वा राजनीतिक उद्देश्यले स्थापना भएको संस्था,

(४) कालोसूचीमा रहेको कम्पनी वा संस्था,

प्रतिलिपि

सचिव
संचालक समिति

(५) हात हतियार, विष्फोटक पदार्थ वा खरखजना उद्योग वा व्यवसाय,

(६) प्रचलित कानूनद्वारा बन्देज गरिएका अन्य उद्योग वा व्यवसाय,

(७) एकलौटि व्यवसाय, साझेदारी व्यवसाय र सहकारी संस्था,

(८) एकमात्र व्यक्ति वा एकै परिवार शेयरधनी रहेको कम्पनी,

(९) कोषको कर्जाको अंश पच्चीस करोड रुपैंयाभन्दा कम हुने कम्पनी वा परियोजनाहरु ।

परिच्छेद - ७

जोखिम व्यवस्थापन, कर्जा वर्गीकरण र कर्जा असुली सम्बन्धी व्यवस्था

१९. जोखिम व्यवस्थापन

कोषबाट कर्जा प्रवाह वा लगानी गर्नुअघि कम्पनी वा संस्था वा सम्बन्धित परियोजनाको जोखिम बिश्लेषण गरी जोखिम न्यूनीकरण हुनेगरी सुरक्षित ढंगले लगानी गर्नु पर्नेछ । जोखिम विश्लेषण र सोको व्यवस्थापन गर्ने विधि र प्रक्रिया सम्बन्धित विनियममा तोकिए बमोजिम हुनेछ ।

२०. कर्जा वर्गीकरण र लेखाङ्कन

जोखिम विश्लेषणको आधारमा कर्जा तथा लगानीको वर्गीकरण, कर्जा तथा लगानी नोक्सानी व्यवस्था तथा अवलेखनको लेखाङ्कन कोषमा प्रचलित लेखा नीति बमोजिम हुनेछ ।

२१. कर्जा असुली र अवलेखन

कोषले प्रवाह गरेको कर्जाको असुली र अवलेखन सम्बन्धित विनियममा तोकिए बमोजिमको व्यवस्था र प्रक्रिया बमोजिम गरिनेछ ।

परिच्छेद - ८

कर्जा तथा लगानी व्यवस्थापनको संरचना

२२. लगानी प्रवर्द्धन समिति

कोषको लगानी नीति निर्धारण गरी सञ्चालक समिति समक्ष सुझाव पेश गर्न ऐनको दफा १९ख. बमोजिमको एक लगानी प्रवर्द्धन समिति रहनेछ । लगानी प्रवर्द्धन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ ।

२३. प्रशासक र विभागहरू

यस नीति अनुरुप गरिने कर्जा प्रवाह, लगानी र असुलीको सम्बन्धमा प्रशासक र मातहतका विभागको काम, कर्तव्य र अधिकार ऐनको व्यवस्था, सञ्चालक समितिको निर्णय र सम्बन्धित विनियममा तोकिए बमोजिम हुनेछ ।

प्रतिलिपि

सचिव
संचालक समिति

परिच्छेद - ९
विविध

२४. विनियम बनाई लागु गर्न सकिने

यस नीतिमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यकता अनुसार विनियम बनाई लागू गरिनेछ ।

२५. व्याख्या तथा संशोधन

(१) यस नीतिको कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ पर्न आएमा सञ्चालक समितिले व्याख्या गर्नेछ र सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ ।

(२) सञ्चालक समितिले आवश्यकता अनुसार यस नीतिलाई संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।

२६. खारेजी र बचाऊ

(१) कर्जा, लगानी तथा असुली नीति, २०७७ खारेज गरिएको छ ।

(२) कर्जा, लगानी तथा असुली नीति, २०७७ बमोजिम भएका सम्पूर्ण काम कारवाहीहरू यसै नीति अनुरूप भएको मानिनेछ ।

प्रतिलिपि

सचिव
संचालक समिति